# नेपाल गजेट

## भाग ४

श्री ५ सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण १६ गते २०१६ साल

## नेपाल लोकसेवा आयोगको विज्ञापन नं. ३८ देखि ५२

परराष्ट्र मन्त्रालय, शिक्षा स्वास्थ्य तथा स्थानीय स्वायत शासन मन्त्रालय, उद्योग वाणिज्य मन्त्रालय र निर्माण तथा संचार मन्त्रालय अन्तर्गत निम्न लिखित विभाग तथा स्थानहरूलाई निम्न लिखित पदहरू चाहिएका छन्। योग्य उम्मेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्न लिखित फी दस्तुर सहित निम्न लिखित मिति सम्म-मा यस आयोगमा आइपुग्ने गरी दरखास्त बुझाउनु पठाउनु पर्छ। बिदाको दिन बाहेक रोज ११ बजे देखि ३ बजे सम्म दरखास्त बुझिनेछ। योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले दरखास्त पेश गरी निम्न लिखित पदहरूमा निम्न लिखित मितिमा यस आयोग संग सम्पर्क राख्नु पर्छ। दरखास्तको म्यादको आखिरी दिनमा धेर दरखास्त दिनेहरू जम्माभई सबलाई असुबिधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीतनपुगेको, फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै बिचार हुने छैन। दरखास्त फारामको



३७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नमुना प्रत्येक, हुलाक, गढी, गौडा र गोश्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त ने.रू. ।१० पसा मोल तिरी खोभ्क यस आयोगबाट चाहिए जति फाराम झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिंने जति टिकट खर्च पनि साथ पठाउनु पर्छ।

बिज्ञापन नं. ३८

१. स्थान र पद : अतिथि सत्कार बिभागलाई १ जना कूक स्थायी तथा पेन्सन पाइने।
२. आबश्यक न्यूनतम योग्यता: कूकको काम जान्ने।
३. मासिक तलबको स्केल र भत्ता : तलब ने.रू. ३५। र महंगी भत्ता ने.रू. १०।
४. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति २०१६।४।२०।३
५. सम्पर्क मिति २०१६।४।२७।३
६. दरखास्त फी दस्तुर नगद ने.रू. १।

बिज्ञापन नं. ३६

१. स्थान र पद: पू. १ नं बाह्रबिसे प्रारम्भिक पाठशालालाई १ जना प्रारम्भिक, शिक्षक स्थायी तथा पेन्सन पाइने।
२. आबश्यक न्यूनतम योग्यता: पूर्व मध्यमा उत्तीर्ण भएको।
३. बांछनीय योग्यता : अंग्रेजीमा मिडिल सम्म पास भएकालाई ग्राह्यता दिइनेछ
४. मासिक तलबको स्केल र भत्ता : तलब ने.रू.३५। देखि ६०। महँगी भत्ता ने. रू. १०।
५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१६।५।८।२
६. सम्पर्क मिति : २०१६।५।१७।४
७. दरखास्त फी दस्तुर नगद ने.रू. १।

बिज्ञापन नं. ४०

१ स्थान र पद: खानी अड्डा बन्दोबस्त फाँटलाई १ जना असिस्टेन्ट माइनिंग इन्जिनीयर, स्थायी तथा पेन्सन पाइने।
२. आवस्यक न्यूनतम योग्यता: ए. आइ. यस. एम. अथवा एम. एस्सी. (जिओलेजी) अथवा बी. एस्सी. माइनिंग इन्जिनीयरी।
३. बाँछनीय योग्ता : कामको अनुभव भएकालाई ग्राह्यता दिइने छ।
४. मासिक तलबको स्केल र भत्ता: तलब ने.रू.१८०। देखि ३६०। महँगी भत्ता ने.रू.१०।
५ दरखास्त आयोगमा आइपुग्नुपर्नें मिति: २०१६।४।२०।३

३८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६ सम्पर्क मितिः २०१६।४।२७।३

७ दरखास्त फी दस्तुर नगद नेरू. ३।

### विज्ञापन न ४१

१ स्थान र पदः सी. बी. टेलिफोन एक्सचेञ्जलाई २ जना केबुल ज्वाइण्टर स्थायी तथा पन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यताः अंग्रजी अष्टम क्लाससम्मको योग्यता भई टेलिफोनको टेक्नीकल तर्फ केबुल सम्बन्धी काममा कुनै स्वीकृत संस्थाबाट प्रशिक्षण पाएको अथवा टेलिफोनको लाइनतर्फकोकाममा कमसेकम तीन वर्षसम्म अविच्छिन्न अनुभव प्राप्त गरी ३ वर्ष काम गरेको प्रमाणपत्र पेश गर्नु पर्छ। सो प्रमाणपत्र इञ्जिनीयरिंग बिभागका ग्याजेटेड दर्जाका कर्मचारीबाट प्राप्त हुनुपर्छ ।

३ वांछनीय योग्यता: अण्डर ग्राउण्ड केबुल जडान गर्ने काममा अनुभव प्राप्त गरेकोलाई प्राह्यता दिइनेछ।

४ कामः अण्डर ग्राउण्ड केबुलको काम।

५ मासिक तलबको स्केल र भत्ता: तलव ने.रु. ४५। देखि ८० महँगी भत्ता नेरू १०।

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति २०१६।४।२२।५

७ सम्पर्क मिति २०१६।४।२६।५

८ दरखास्त फी दस्तुर नगद ने.रू. १।

### विज्ञापन न ४२

१ स्थान र पदः बीरगञ्ज टेलिफोन अफिसलाई १ जना जुनियर मिस्त्री, स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यताः अंग्रेजी अष्टम कलाससम्मको योग्यता भई टेलिफोन तर्फ अनुभव प्राप्त गरेको प्रमाणपत्र पेश गर्नु पर्छ । सो प्रमाणपत्र ईञ्जिनीयरिंग विभागका ग्याजेटेड दर्जाका कर्मचारीबाट प्राप्त भएको हुनु पर्छ ।

३ वाँछनीय योग्यताः टेलिफोन टेक्निकल तर्फ अनुभव प्राप्त गरेकालाई ग्राह्यता दिइनेछ ।

४ कामः एक्सचेञ्ज र सब्स्काइबर अफिसको इक्विपमेण्टको काम ।

५ मासिक तलबको स्केल र भत्ताः तलब भा.रू. ४५। देखि ८०। र महँगी भत्ता भा.रू. १०।

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१६।४।२२।५

७ सम्पर्क मिति २०१६।४।२६।५

८ दरखास्त फी दस्तुर नगद ने.रू. १।

३८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन नं ४३

१ स्थान र पद: सिंहदरबार एक्सचेञ्जलाई १ जना जुनियर मिस्त्री, स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यता: अंग्रेजी अष्टम क्लाससम्मको योग्यता भई टेलिफोन टेक्निकल तर्फ अनुभव प्राप्त गरेको प्रमाणपत्र पेश गर्नु पर्छ। सो प्रमाणपत्र इञ्जिनीयरिंग विभागका ग्याजेटेड दर्जाका कर्मचारीबाट प्राप्त गरेको हुनु पर्छ ।

३. बाँछनीय योग्यता : टेलिफोन टेक्निकल तर्फ, अनुभव प्राप्त गरेकालाई प्राद्यता दिइने छ ।

४. काम : एक्सचेन्ज र सबस्क्राइबर अफिसको इक्विपमेन्टको काम ।

५. मासिक तलबको स्केल र भत्ता : तलब ने.रू. ४५। देखि ८०। महंगी भत्ता ने. रू. १०।

६. दरखास्त आयोगमा आइपुग्नपर्ने मिति: २०१६।४।२२।५

७. सम्पर्क मिति : २०१६।४।२६।५

८. दरखास्त फी दस्तुर नगद ने. रू. १।

## विज्ञापन नं ४४

१ स्थान र पद: रेडियो नेपाललाई १ जना अस्थायी तबल्ची एक वर्षमा रिन्यू गर्न सक्ने ।

२ आवश्यक न्यूनतम योग्यता:- कमसेकम १ बर्ष तबला सिकेको कुनै विशिष्ट संगीतज्ञबाट प्राप्त गरेको प्रमाणपत्र पेश गर्नु पर्छ ।

३ मासिक तलब र भत्ता: तलब ने. रू. ४०। महँगी भत्ता ने. रू १०।

४ दरखास्त आयोगमा आई पुग्नुपर्ने मिति: २०१६।४।२३।६

५ सम्पर्क मिति: २०१६।४।३०।६

६ दरखास्त फी दस्तूर नगद ने.रू. १।

## विज्ञापन नं ४५

१ स्थान र पद: खानी अड्डालाई मेटालर्जिष्ट, स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यता: बी. एस् सी मेटालर्जिष्ट अथवा सो सरहको अरू डिग्री वा डिप्लोमा प्राप्त ।

३ वाञ्छनीय योग्यता: सो विषय कामको अनुभव भएकालाई प्राद्यता दिइनेछ ।

४ काम खानीबाट निस्केको कोरा धातु खार्ने विषय ।

५ मासिक तलबको स्केल र भत्ता: तलब ने रू १८०।देखि ३६०। महँगी भत्ता ने. रू. २०।

३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६ दरखास्त आयोगमा आई पुग्नुपर्ने मिति २०१६।५।६।३
७ सम्पर्क मिति २०१६।५।१६।३
८ दरखास्त फी दस्तूर नगद ने.रू. ३।

विज्ञापन नं. ४६

१ स्थान र पदः श्रीमहेन्द्र आयुर्वेदीय (पाल्पा) छहरालाई १ र रामपुर औषधालयलाई १ समेत जम्मा २ जवान कविराज, स्थायी तथा पेन्सन पाइने ।
२ आवश्यक न्यूनतम योग्यताःसरकारबाट स्वीकृत आयुर्वेद विद्यालय वा विश्वविद्यालयमा पढी आयुर्वेद मध्यमा, वा सो सरहसम्मको पास भएको प्रमाणपत्र पेश गर्नु पर्छ।
३ वाञ्छनीय योग्यताः शास्त्री, आचार्य वा सो सरह वा सरकारी छात्रवृत्तिबाट पढी पास भएकालाई प्राथता दिइनेछ ।
४ मासिक तलब र भत्ताः तलब ने.रू. ४५। महँगी भत्ता ने.रू. १०। स्थानीय व्यक्ति बाहेक अरू व्यक्ति नियुक्त भएमा स्थानीय भत्ता ने रू १३।७५ पाइनेछ।
५ दरखास्त आयोगमा आई पुग्नुपर्ने मितिः २०१६।५।६।३
६ सम्पर्क मितिः २०१६।५।१६।३ ७ दरखास्त फी दस्तूर नगद ने रू १।

विज्ञापन नं. ४७

१. स्थान र पद : श्री त्रिभुवन पद्म आयुर्वेदीय उदयपुर औषधालयलाई १ जना हाकिम वैद्य, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता : सरकारबाट स्वीकृत आयुर्वेदी विद्यालय वा विश्वविद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरहको पास ।
३. वांछनीय योग्यता : शास्त्री, आचार्य वा यो सरह वा सरकारी छात्रवृत्तिबाट पढी पास भएकालाई प्राथता दिइने छ ।
४. मासिक तलबको स्केल र भत्ता : तलब ने.रू. ५०। देखि ६०। महंगी भत्ता ने.रू. १०। स्थानीय व्यक्ति बाहेक अरू व्यक्ति नियुक्त भएमा स्थानीय भत्ता ने.रू ३०।
५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति : २०१६।५।६।३
६. सम्पर्क मिति : २१६।५।१६।३
७. दरखास्त फी दस्तूर नगद ने. रू. १।

विज्ञापन नं. ४८

१. स्थान र पद : श्री त्रिभुवन आयुर्वेदीय तेह्रथुम औषधालयलाई १ जना हाकिम वैद्य, स्थायी तथा पेन्सन पाइने।

३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यता : सरकारबाट स्वीकृत आयुवद विद्यालय वा विश्वविद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरहको पास ।

३. वांछनीय योग्यता : शास्त्री, आचार्य वा सो सरह वा सरकारी छात्रबृत्तिबाट पढी पास भएकालाई प्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल र भत्ता : तलव ने.रू.५०। देखि ६०। महंगी भत्ता ने. रू. १०।

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति : २०१६।५।६।३

६. सम्पर्क मिति २०१६।५।१६।३

७. दरखास्त फी दस्तूर नगद ने. रू. १।

विज्ञापन नं. ४९

१. स्थान र पद :श्री त्रिभुवन आयुर्वद थाक बजार औषधालयलाई १ जना हाकिम वैद्य स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : सरकारबाट स्वीकृत कुनै आयुर्वेद विद्यालय वा विश्वविद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरहको पास ।

३. वांछनीय योग्यता : शास्त्री आचार्य वा सो सरह वा सरकारी छात्रबृत्तिबाट पढी पास भएकालाई प्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल र भत्ता: तलव ने. रू. ५०। देखि ६०। महंगी भत्ता ने. रू. १०।

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति : २०१६।५।६।३

६. सम्पर्क मिति २०१६।५।१६।३

७. दरखास्त फी दस्तूर नगद ने. रू. १।

विज्ञापन नं. ५०

१. स्थान र पद : दरबार कलेजलाई १ जना इकनमिक्स लेक्चरर, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : इकनमिक्समा एम. ए. ।

३. बाँछनीय योग्यता : पहिला वा दोश्रा श्रेणीमा पास भएकालाई प्राह्यता दिइनेछ

४. मासिक तलबको स्केल र भत्ता:तलव ने.रू.१८०। देखि ५००। र महंगी भत्ता ने. रू. २०।

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति : २०१६।५।११।५

६. सम्पर्क मिति : २०१६।५।१८।५

७. दरखास्त फी दस्तूर नगद ने. रू. ३।

३८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन नं ५१

१ स्थान र पदः भीमफेदी भीम आधार स्कूललाई १ जना प्राइमरी शिक्षक, स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यता म्याट्रिक वा सो सरह ।

३ वाञ्छनीय योग्यताः पहिला वा दोस्रा श्रेणीमा पास भएकालाई प्राथमिकता दिइनेछ।

४ मासिक तलबको स्केल र भत्ताःतलब ने.रू. ५०।देखि ६०।महँगी भत्ता ने.रू.१०।

५ दरखास्त आयोगमा आई पुग्नुपर्ने मितिः २०१६।५।१६।३

६ सम्पर्क मितिः २०१६।५।१६।३ ७. दरखास्त फी दस्तूर ने. रू. १।

## विज्ञापन नं ५२

१ स्थान र पदः डोटी डी. इ. आ. लाई १ जना सब इन्सपेक्टर, स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यताः एस. एल. सी. वा सो सरह ।

३ वाञ्छनीय योग्यताः पहिला वा दोस्रा श्रेणीमा पास भएकालाई प्राथमिकता दिइनेछ ।

४ मासिक तलबको स्केल र भत्ताः तलब भा. रू. ७०।देखि १३०। र महँगी भत्ता भा रू १२।५०

५ दरखास्त आयोगमा आई पुग्नुपर्ने मिति २०१६।४।११।५

६ सम्पर्क मितिः २०१६।५।१८।५ ७. दरखास्त फी दस्तूर नगद ने. रू. १।

आज्ञाले--
खड्गमान मल्ल
सेक्रेटरी-लोकसेवा आयोग
सिंहदरबार, काठमाडौं, नेपाल ।

गोरखापत्र छापाखानामा मुद्रित ।

३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।